मितिः २०७५।०६।०१

# प्रेस विज्ञप्ती

नेपालको संविधान जारी भै तेश्रो वर्ष पुरा गरी चौथो वर्षमा प्रवेश गर्न लागिरहेको यस ऐतिहासिक अवसरमा प्रदेश नं. १ का सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, सम्बृद्धि तथा सामाजिक सद्भाव एवम् राष्ट्रिय एकता कायम होस भन्ने कामनाका साथ "संविधान दिवस-२०७५" लाई भव्य एवं उल्लासमय रुपमा मनाउन गर्न प्रदेश सरकार लागिरहेको व्यहोरा जानकारी गराउँदछौं । संविधान दिवसलाई मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्री शेरधन राईज्यूको अध्यक्षतामा बैठक बसी २०७५ साल भाद्र २८ गते ५०१ सदस्यीय मूल समारोह समिति गठन भएको छ। साथै प्रदेश सरकारका प्रमुख सचिवज्यूको संयोजकत्वमा कार्यक्रम व्यवस्थापन समिति गठन गरि संविधान दिवसका अवसरमा देहाय बमोजिम ३ दिने कार्यक्रम गरि मनाउने निर्णय गरिएको छ ।

जननिर्वाचित संविधान सभाबाटै संविधान निर्माण गर्ने र शासन व्यवस्था संचालन गर्ने ७० वर्ष अगाडि देखिको नेपाली जनताको चाहना पुरा भएको दिनका रुपमा संविधान दिवसलाई भव्यताका साथ मनाउन राजनैतिक दल राष्ट्रसेवक कर्मचारी, सामाजिक संघसंस्था, उद्योगी, व्यापारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, किसान, मजदुर, पेशाकर्मी, पत्रकार, खेलाडी, युवा, जेष्ठ नागरिक, महिला नागरिक समाज एवं प्रदेशवासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा कार्यक्रममा सहभागिताका लागि हार्दिक आव्हान गर्दछौं ।

**संविधान दिवसको अवसरमा आयोजना हुने बमोजिम ३ दिने कार्यक्रमको विवरण**

**क. मिति २०७५ साल असोज २ गते**

- प्रदेश अस्थायी राजधानी विराटनगर भित्रका सबै सरकारी कार्यालय, महानगरपालिकाले आ-आफ्नो कार्यालय र क्षेत्रका विभिन्न स्थानहरुमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृंगार र सरसफाई गर्ने । प्रदेश भरका सरकारी कार्यालयले आ-आफ्नो कार्यालय परिसरमा तथा आम नागरिकले घरघरमा सरसफाई र दिपावली गर्ने।
- संविधान दिवसलाई राष्ट्रिय दिवसका रुपमा प्रदेश भरी भव्यताका साथ मनाउन  नेपाल पत्रकार महासंघ, प्रदेश समितिले नेपालको संविधानका विषयमा केन्द्रित रही विशेष परिसम्वाद, सम्वाद, लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रशासरण प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

३ साँझ दिपावली गर्ने ।

**ख. २०७५ साल असोज ३ गते**

- सूर्योदयका साथ प्रदेश प्रहरीद्वारा बिगुल (रिभ्याली) बजाउने ।
- राष्ट्र, राष्ट्रियता,स्वन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात शहीदहरु प्रति प्रदेश सरकारका तर्फबाट उच्च स्मान र श्रद्धान्जली प्रकट गर्दै विभिन्न धार्मिक संघ संस्थाहरुबाट विभिन्न मठ,मन्दिर,मस्जिद,बुद्ध विहार, गुरुद्वारा, चर्च लगायतका स्थानहरुमा पूजापाठ तथा प्रार्थनाको कार्यक्रम संचालन गर्ने ।
- सरकारी एवं निजि क्षेत्रका सन्चार माध्यमबाट संविधान दिवस सम्बन्धी समाचार, बुलेटिन, अन्तरक्रियात्मक परिसम्बाद तथा समाचारमूलक सामाग्री प्रसारण गर्ने ।
- विहान ७:३० बजे विराटनगर शहीद मैदान (रंगशालामा) आयोजना गरिने मूल कार्यक्रम देहाय बमोजिम गर्ने ।

संविधान दिवस मूल समारोह समितिका अध्यक्ष तथा सदस्यहरु, संवैधानिक निकायका पदाधिकारीहरु, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, प्रदेश सरकार, माननीय प्रदेशसभा सदस्यज्यूहरु तथा निजामति कर्मचारीहरु, प्रहरी, जंगी तथा प्राध्यायक, शिक्षक, विधार्थी, खेलाडी, युवा, मजदुर, किसान, महिला, सामाजिक, संघ संस्थासँग आवद्ध पदाधिकारीहरु एवम् नागरिक समाज, उद्योगी व्यवसायी साथै समाजमा क्रियाशिल सबै

सामाजिक संघ संस्थाका सदस्यहरु र सबै सर्वसाधारण महानुभावहरु विहान ७:३० बजे विराटनगर शहीद मैदान (रंगशाला) मा सहभागी भै मन्चको मूल कार्यक्रम सम्पन्न गर्ने ।

**<u>संविधान दिवस समारोह,२०७५ को उपलक्ष्यमा आयोजना हुने मञ्चको कार्यक्रम</u>**

मितिः २०७५/०६/०३

कार्यक्रम शुरु हुने समयः बिहान ७:३० बजे

१. आमन्त्रित्र महानुभावहरुको आगमन
२. प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीज्यूको आगमन
३. उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधिशज्यूको आगमन
४. संविधान दिवस मूल समारोह समितिका संयोजक माननीय मुख्यमन्त्री शेरधन राईज्यूको आगमन

**<u>मूल समारोह सम्बन्धी कार्यक्रम</u>**

१ प्रमुख अतिथि प्रदेश प्रमुख माननीय डा. गोविन्द तुम्बाहाङज्यूको आगमन र सलामी ग्रहण
२ राष्ट्रियगान
३ ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिको लागि १ मिनेट मौन धारण
४ नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल स्काउ,विद्यार्थीहरुद्वारा मार्च पास
५ विभिन्न जातजातिको भेषभुषा र संस्कृति झल्कने सांस्कृतिक झाँकी प्रदर्शन-
६ विराटनगर महानगरपालिका र जिल्ला समन्वय समिति मोरङ्गबाट झाँकी प्रदर्शन र सर्वसाधरणको सहभागिता
७ सुरक्षानिकायद्धारा रोचक कार्यक्रमहरुको प्रस्तुती
८ प्रदेश स्तरीय संविधान दिवस मूल समारोह समितिका संयोजक माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यूद्धारा सम्बोधन र समारोह विर्सजन

**स्थानीय संचार माध्यमद्धारा प्रत्यक्ष प्रसारणप्रसारण/**

नोटः असोज ३ गते, ७:३० बजे बिहान शहीद मैदान (रंगशाला) विराटनगरमा हुने मूल कार्यक्रममा प्रस्तुत गरिने साँस्कृतिक झाँकी एवम् र विद्यालयमा ८ कक्षा माथि अध्ययन गर्ने विद्यार्थीहरुको विद्यालयको व्यानर र पोसाकमा भएको सहभागिताको मूल्याङ्कन गरी प्रदेश सरकार विज्ञ समूहका संयोजक श्री रमेशचन्द्र पौडेलको संयोजकत्वमा ३ सदस्यीय मूल्याङ्कन समिति गठन भएको र उक्त मूल्याङ्कन समितिबाट प्रथम, द्वितीय, तृतीय र सान्तवना छनौट भएका दुवै विधाका सहभागिलाई प्रदेश सरकारका तर्फबाट पुरस्कारको घोषणा हुने ।

- साँझ दिपावली गर्ने ।

**ग. २०७५ साल असोज ४ गते**

विभिन्न विद्यालयहरुले नेपालको संविधानको सन्दर्भलाई पारेर हाजिरीजवाफ, बक्तृत्वकला प्रतियोगिता संचालन गर्ने ।
साँझ दिपावली गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.१, विराटनगर